**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०३ सितम्बर २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

### बेल्जियम – प्रधानमन्त्रीको भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी र बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता गर्नु हुनेछ। दुई नेताहरूले द्विपक्षीय सम्बन्धका सबै पक्षहरूका साथै पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नुहुनेछ। बेल्जियमका प्रधानमन्त्री भारतको तीन दिने भ्रमणका लागि हिजो राति राजधानी आइपुग्नु भएको छ। प्रधानमन्त्री डे वेभरसँगै बेल्जियमका रक्षामन्त्री थियो फ्रान्केन पनि हुनुहुन्छ। गत वर्ष फरवरीमा पदभार ग्रहण गर्नु भएपछि यो उहाँको पहिलो भारत भ्रमण हो। भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौताको सन्दर्भमा उहाँले भारतीय उद्योग परिसंघद्वारा आयोजित व्यापार कार्यक्रममा मुख्य भाषण पनि दिनु हुनेछ। हाम्रा संवाददाताका अनुसार यो भ्रमणले भारत-बेल्जियम साझेदारीलाई अझ सुदृढ पार्ने र व्यापार र लगानी, रक्षा र सुरक्षा र नवीकरणीय ऊर्जा जस्ता पारस्परिक हितका क्षेत्रहरूमा सहयोगलाई अगाडि बढाउने अवसर प्रदान गर्नेछ।

### प्रधानमन्त्री - जल शक्ति

प्रधानमन्त्री नरेन्द्र मोदीले शहरीकरण, बढ्दो जनसंख्या र भविष्यमा पानीको आवश्यकताबाट उत्पन्न हुने चुनौतीहरूप्रति संवेदनशील हुन शहरी स्थानीय निकायहरूलाई आह्वान गर्नुभएको छ। उहाँले शहरी स्थानीय निकायहरूका लागि पनि यस्तै 'चिन्तन शिविर' आयोजना गर्न सुझाव दिनुभयो। प्रधानमन्त्रीले हिजो जल शक्ति मन्त्रालयद्वारा आयोजित दुई दिने राष्ट्रिय विभागीय जल सम्मेलनको समापन सत्रको अध्यक्षता गर्नुभयो। उहाँले पानी संरक्षण प्रविधिहरूको व्यापक रुपमा अपनाउने कुरामा जोड दिनुभयो। श्री मोदीले भारतीय निर्माताहरू र सरोकारवालाहरूलाई प्रभावकारी समाधानहरू विकास गर्न र ठूलो मात्रामा कार्यान्वयन गर्न सक्षम बनाउन विश्वव्यापी उत्कृष्ट अभ्यासहरू प्रदर्शन गर्ने प्रदर्शनी र कार्यशालाहरू आयोजना गर्न पनि सुझाव दिनुभयो। प्रधानमन्त्रीले दुई दिने सम्मेलनको क्रममा भएको गहन छलफलको प्रशंसा गर्नुभयो। उहाँले छलफलबाट निस्कने कार्ययोग्य र समयबद्ध बुँदाहरूलाई निरन्तर समीक्षा र सिकाइको प्रक्रियामार्फत अगाडि बढाउनुपर्ने बताउनुभयो। उहाँले यो सम्मेलन एक पटकको अभ्यास नबनाई निरन्तर समीक्षा र अनुगमन कार्यहरूतर्फ डोऱ्याउनुपर्ने सुझाव दिनुभयो। जनभागीदारी'मा जोड दिनु हुँदै श्री मोदीले जनतामा व्यापक चेतना जगाउन 'जल उत्सवलाई प्रवर्द्धन गर्न सुझाव दिनु भयो। प्रधानमन्त्रीले जल निकायहरूको लागि सिल्टिङ प्रक्रियाहरू नियमित रूपमा अपनाउन र यस उद्देश्यका लागि स्पष्ट मापदण्ड र मानक सञ्चालन प्रक्रियाहरू विकास गर्न आह्वान गर्नु भयो। बाँध सुरक्षाको सन्दर्भमा प्रधानमन्त्रीले प्रत्येक मनसुन अघि व्यापक तयारी, तोकिएका सावधानीहरूको पालना र स्कूलका विद्यार्थीहरूमा चेतना जगाउन जोड दिनु भयो। उहाँले यस उद्देश्यका लागि शैक्षिक पाठ्यक्रममा सान्दर्भिक विषयहरू समावेश गर्न सुझाव दिनु भएको छ।

### शिवराज सिंह-एसएचजी

कृषि तथा ग्रामीण विकास मन्त्री शिवराज सिंहले आज मुम्बईमा राज्य ग्रामीण जीविकोपार्जन मिसनहरू र बैंकहरूसँग उच्चस्तरीय बैठकको अध्यक्षता गर्नु हुनेछ। बैठकको प्राथमिक उद्देश्य स्व-सहायता समूहहरूलाई प्रदान गरिने औसत ऋण रकम बढाउन व्यक्तिगत उद्यम ऋण दोब्बर गर्नु हो। बैठकले जिल्ला केन्द्रीय सहकारी बैंक र प्राथमिक कृषि ऋण समाज स्तरमा सहकारी ऋण संरचनाको भूमिकालाई सुदृढ पार्दै लामो समयदेखि विचाराधीन आवेदनहरू र ऋण वितरणमा ढिलाइ सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने लक्ष्य पनि राख्नेछ। ग्रामीण विकास मन्त्रालयले भनेको छ, बैठकमा भारतीय रिजर्व बैंक, वित्तीय सेवा विभाग, सार्वजनिक क्षेत्रका बैंकहरू, क्षेत्रीय ग्रामीण बैंकहरू, सहकारी बैंकहरू, नाबार्ड, **पी.एफ.आर.डी.ए**, केन्द्रीय मन्त्रालयहरू र अन्य प्रमुख सरोकारवाला संस्थाहरूका वरिष्ठ प्रतिनिधिहरू उपस्थित हुनेछन्।

ग्रामीण विकास मन्त्रालयले ग्रामीण क्षेत्रमा समुदाय-आधारित संस्थाहरू सिर्जना गर्ने र तिनीहरूलाई दिगो जीविकोपार्जनसँग जोड्ने उद्देश्यले सरकारको प्रमुख कार्यक्रमहरूमध्ये एक दीनदयाल अन्त्योदय योजना-राष्ट्रिय ग्रामीण जीविकोपार्जन मिसन कार्यान्वयन गरिरहेको छ। विगत डेढ दशकमा यस मिसनले १० करोडभन्दा बढी ग्रामीण महिलाहरूलाई ९३ लाखभन्दा बढी स्व-सहायता समूहहरूमा संगठित गरेको छ।

**भारत - क्रेडिट रेटिङ**

जापानको अग्रणी क्रेडिट रेटिङ एजेन्सी **जेसीआर**ले भारतको विदेशी र स्थानीय मुद्रा जारीकर्ता रेटिङलाई एक अंकले बढाएर **ट्रिपल बी प्लसबाट ए** माइनस गरिएको छ। यो रेटिङले देशको सरकारको ऋण चुक्ता क्षमता र वित्तीय ऋण योग्यताको स्वतन्त्र मूल्याङ्कन प्रदान गर्दछ। वित्त मन्त्रालयले भनेको छ, यसले भारतको बलियो आर्थिक वृद्धि, विकासको लागि बलियो जग निर्माणमा आर्थिक नीतिहरूको प्रभावकारिता र वित्तीय प्रणालीको बढ्दो लचिलोपनलाई प्रतिबिम्बित गर्दछ। मन्त्रालयले उल्लेख गरेको छ, यो स्तरोन्नति चुनौतीपूर्ण विश्वव्यापी वातावरणको बीचमा भएको हो र दिगो वृद्धि, प्रभावकारी आर्थिक नीतिहरू, सुधारिएको वित्तीय व्यवस्थापन र बलियो वित्तीय प्रणालीद्वारा समर्थित भारतको आर्थिक आधारभूत कुराहरूको बललाई जोड दिन्छ। एक विज्ञप्तिमा, **जेसीआर**ले उल्लेख गरेको छ, भारतीय अर्थतन्त्रले बलियो निजी उपभोग र सार्वजनिक लगानीद्वारा संचालित उच्च वृद्धि दर कायम राखेको छ। यसले भारत सरकारको डिजिटल सार्वजनिक पूर्वाधार र वस्तु तथा सेवा करको कार्यान्वयनलाई पनि हाइलाइट गरेको छ। जापान क्रेडिट रेटिङ एजेन्सीले केन्द्रीय राजकोषीय घाटा वित्त वर्ष 2025 मा 4 दशमलव 0-7 प्रतिशतबाट घटेर वित्त वर्ष 2026 मा 4 दशमलव शून्य 4 प्रतिशत पुग्ने अनुमान गरेको छ।

**नेपाल - बाढीबाट मृत्यु हुनेको संख्या**

नेपाल र तिब्बतमा आएको विनाशकारी बाढीमा मृत्यु हुनेको संख्या एक हजार २५० पुगेको छ। बचावकर्मीहरूले वर्षा र हिलोको थुप्रोबीचमा मानिसहरूलाई खोज्ने प्रयास गरिरहेका छन्। भोटेकोशी नदीको बाटोमा बनाइएका सुरुङ र नेपालको भूमिगत विद्युत् परियोजनामा मानिस फसेको हुनसक्ने सम्भावना छ। प्रधानमन्त्री बालेन्द्र शाहले जलवायु परिवर्तनसँग सम्बन्धित यस आपदालाई अन्तर्राष्ट्रिय समुदायसमक्ष दृढताका साथ उठाउनुपर्ने बताउनुभएको छ। उहाँको भनाइ गत हप्ताको बाढीमा बेपत्ता भएकाहरूको परिवारले प्रतीकात्मक अन्त्येष्टि संस्कारको बीचमा आएको हो।

यस प्रकोपमा ५८३ विदेशी नागरिक बेपत्ता छन् । नेपाली सेना र सुरक्षाकर्मीले अहिलेसम्म हेलिकप्टर र स्थलमार्गबाट ११ हजार ९ सय ९३ जनाको उद्धार गरेका छन्। खोज तथा उद्धार कार्यमा लगभग २१ हजार ३१४ सुरक्षाकर्मी खटिएका छन्। नेपालको सीमानजिकै तिब्बतको ग्याइरोङ काउन्टीमा आएको यो आकस्मिक बाढीका कारण चिनियाँ भूमिमा मृत्यु हुनेको संख्या २१ पुगेको छ भने ५ सय ४१ जना बेपत्ता भएका छन्। नेपाललाई एसियाली विकास बैंक, विश्व बैंक, युरोपेली संघ र संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय विकास साझेदारहरूले सहयोग गर्ने आश्वासन दिएका छन्। जलविद्युत् परियोजनास्थलमा उद्धारका लागि भारत, चीन र दक्षिण कोरियाबाट विज्ञ टोली पठाइएको छ।

**यूपी-सर्वाइकल कैंसर टीकाकरण**

उत्तर प्रदेशमा सर्वाइकल कैन्सरदेखि बचावको लागि एचपीवी टीकाकरण खोपको विशेष अभियान आजदेखि यस महिनाको 17 तारिखसम्म राज्यभर सञ्चालन गरिनेछ। यो अभियान राज्यका ७५ वटै जिल्लामा सञ्चालन गरिने छ। यस अभियानअन्तर्गत १४ वर्षका लगभग १० लाख योग्य किशोरीहरूलाई एचपीभी खोप लगाउने लक्ष्य राखिएको छ। लखनऊका प्रमुख मेडिकल अफिसर डा एनबी सिंहले योग्य किशोरीहरू र उनीहरूका अभिभावकहरूलाई अभियानको क्रममा अगाडि आउन र खोप लगाउन अपील गर्नु भएको छ। एचपीवी भ्याक्सिन पाठेघरको मुखको क्यान्सरबाट बच्ने एउटा महत्त्वपूर्ण उपाय हो।

**क्रिकेट – महिला एसिया कप**

भारतले आज युएईको दुबई अन्तर्राष्ट्रिय स्टेडियममा महिला टी-२० एसिया कपको समूह ए को आफ्नो दोस्रो म्याचमा हङकङको सामना गर्नेछ। म्याच भारतीय समय अनुसार राति ८ बजे सुरु हुनेछ। भारतीय महिला टोलीले आइतबार दुबईमा थाइल्याण्डमाथि ९४ रनको शानदार जित हासिल गर्दै आफ्नो अभियानको सुरुवात गरेको थियो। हिजो राति दुबईमा भएको समूह

बी को म्याचमा श्रीलंकाले इन्डोनेसियालाई ७५ रनले पराजित गर्‍यो। निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२४ रन बनाएपछि श्रीलंकाले इन्डोनेसियालाई १८.३ ओभरमा मात्र ३९ रनमा अलआउट गर्‍यो।

यसअघि इन्डोनेसियाली महिला टोलीले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो। श्रीलंकाकी चमारी अथापाथुलाई म्याचको उत्कृष्ट खेलाडी घोषित गरिएको थियो।